# विलियम्स जनकपुरबाट, ह्यारी टेक्टर लुम्बिनीबाट खेल्ने



**काठमाडौं/मस–** नेपाल टी-ट्वान्टी लिग क्रिकेटको फ्रेन्चाईज टोली जनकपुर रोयल्सले वेस्ट इन्डिजका बलर केसरिक विलियम्सलाई अनुवन्ध गरेको छ । जनकपुरले आइतबार एक विज्ञप्ति निकाल्दै विलियम्सलाई अनुवन्ध गरिएको जनाएको छ । जनकपुरले दोस्रो विदेशी खेलाडीको रुपमा विलियम्सलाई अनुवन्ध गरेको हो ।

यस अघि जनकपुरले वेस्ट इन्डिजकै चाडविक वाल्टनलाई अनुबन्ध गरेको थियो । जनकपुरको मार्की खेलाडी सोमपाल कामी रहेका छन् । जनकपुरमा ललित राजवंशी,सुसन भारी,आदिल आलम, सन्दिप जोरा, दिलिप नाथ, सागर पुन, पवन सरार्फ, जितेन्द्र मुखिया, खडक बोहोरा र राजेश पुलामी रहेका छन्। यस्तै जनकपुरले भारतका उमेश पटवाललाई मुख्य प्रशिक्षक नियुक्त गरिसकेको छ ।

यस्तै लुम्विनी अल स्टारले आयरल्याण्डका ब्याट्सम्यान ह्यारी टेक्टरलाई अनुवन्ध गरेको छ। लुम्बिनीले आइतवार आयरल्याण्डका युवा ब्याट्सम्यान टेक्टरलाई अनुबन्ध गरिएको जनाएको छ ।

२३ वर्षीय ह्यारीले अष्ट्रेलियामा आयोजना भएको टी–ट्वान्टी विश्वकप खेलेका थिए। लुम्बिनीले यस अघि दक्षिण अफ्रिकाका क्रिकेटर क्लाउड भान शाल्विकलाई अनुबन्ध गरेको थियो ।

लुम्बिनीको पहिलो खेल ८ गते नै फार वेस्टर्न युनाईटेडसँग रहेको छ। दीपेन्द्र सिंह ऐरी लुम्बिनीको मार्की खेलाडी रहेका छन्। लुम्बिनीमा ऐरीका अलावा कुशल भुर्तेल, सागर ढकाल, अनिल कुमार शाह, गुल्सन कुमार झा, किशोर महतो, तिलक राज भण्डारी, योगेन्द्र सिंह कार्की, सुनिल धमला, इशान पाण्डे तथा आकाश चन्द लगायत नेपाली खेलाडी रहेका छन्।

कीर्तिपुरस्थित टियु मैदानमा हुने पहिलो संस्करणको प्रतियोगिता पुस ८ गतेबाट २६ गतेसम्म हुनेछ। प्रतियोगिताको उद्घाटन खेलमा काठमाडौं नाइट र पोखरा एभेन्जर्सबीच खेल हुनेछ । पहिलो दिन नै लुम्विनी अल स्टार्स र फार वेस्ट युनाईटेडबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको हरेक दिन दुई खेल हुनेछ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहने छ। यस लिगको पहिलो संस्करणमा काठमाडौं नाइट, पोखरा एभेन्जर्स, फार वेस्टर्न युनाईटेड, जनकपुर रोयल्स, विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन्।

# यु–२३ पुरुष भलिबल टिम र बिच भलिबल टिमको बिदाइ

**काठमाडौं/मस–** नेपाल भलिबल संघले यु-२३ पुरुष भलिबल टिम र बिच भलिबल टिमलाई विदाइ गरेको छ । संघले आइतबार बंगलादेशमा आयोजना हुने पहिलो संस्करणको बंगबंन्धु एसियन यु-२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल च्याम्पियनसिप र सीएभीए बिच भलिबल खेल्ने नेपाली टोलीलाई बिदाइ गरेको हो ।

राष्ट्रिय खेलकुद परिषद राखेपका सदस्य सचिव टंकलाल घिसिङ, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, पुर्वअध्यक्ष मनोरन्जन रमण शर्मा, राखेपका सदस्य जनक बर्तौला, चन्द्र बदना राई, अन्जन धमलालगायत टोलीलाई विदाइ गरेका हुन् ।

यु-२३ पुरुष भलिबल टोली सोमबार त्यसतर्फ प्रस्थान गर्नेछ । बिच भलिबल टोली झन्डै एक सातापछि प्रस्थान गर्ने तालिका रहेको छ। यु-२३ एसियन जोन च्याम्पियनसिप ढाकामा डिसेम्बर २० देखि २६ सम्म आयोजना हुनेछ।

च्याम्पियनसिपमा नेपाल, आयोजक बंगलादेश सहित किर्गिस्तान र श्रीलंकाको सहभागीता रहेको छ। नेपालले बंगलादेशसँग पुस ७ गते खेल्दै प्रतियोगिताको शुरुवात गर्नेछ। राउन्ड रोविन लिगको दोस्रो खेलमा नेपालले पुस ८ मा श्रीलंकासँग तथा पुस ९ मा किर्गिस्तानसँग खेल्नेछ । सेमिफाइनल १० पुसमा हुनेछ । फाइनल ११ पुसमा हुनेछ।

# दृष्टिविहीन क्रिकेट विश्वकपमा भारत लगातार तेस्रो पटक च्याम्पियन

**काठमाडौं/एजेन्सी–** भारतको दृष्टिविहीन क्रिकेट टोलीले लगातार तेस्रो पटक नेत्रहीन टी–२० क्रिकेट विश्वकपको उपाधि जितेको छ। फाइनलमा भारतले बंगलादेश ब्लाइन्ड क्रिकेट टिमलाई १२० रनले पराजित गरेको थियो ।

बैंगलोरको एम चिन्नास्वामी स्टेडियममा टस जितेर पहिले ब्याटिङ गरेको भारतीय टोलीले २० ओभरमा २७७ रन बनाएको थियो। २७८ रनको लक्ष्य पछ्याएको बंगलादेशको टोलीले १५७ रन मात्रै बनाउन सकेको थियो ।

भारतका लागि सुनिल रमेशले ६३ बलमा २४ चौका प्रहार गर्दै १३६ रन बनाए भने कप्तान अजय कुमार रेड्डीले ५० बलमा १८ चौका प्रहार गर्दै १०० रन बनाए । २ ९ रनको स्कोरमा दोस्रो विकेट खसेपछि दुवैले भारतको इनिङ्सलाई सम्हालेका थिए । उनीहरुले मिलेर २४८ रनको साझेदारी गरे । दुवैले पहिलो इनिङ्स नटआउट पूरा गरे। २७८ रनको लक्ष्य पछ्याएको बंगलादेशको टोलीले २० ओभरमा ३ विकेट गुमाएर १५७ रन मात्रै बनाउन सक्यो।


## तारकेश्वर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
दाङसिङ, नवुाकोट
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :२०७९/०९/०४**

यस कार्यालयबाट आव्हान गरिएका तर्पाशिल बमोजिमका ठेक्कामा प्राप्त बोलपत्र मध्ये निम्नानुसार बोलपत्र न्युनतम मुल्यांकन सारभूत रुपमा प्रभावग्राही भै स्वकृतीको लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनाथ उक्त बोलपत्रसंग सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S/N | Contract Identification No | Name of Contract | Name of Lowest Evaluated Substantially Responsive Bidder | Name of Lowest Evaluated Substantially Responsive Bidder |
|---|---|---|---|---|
| 1 | TRM/NUW/NCB/W/ 01/2079-080 | TRM/NUW/ NCB/W/01/2079-080 | Kismat Construction & Services Nuwakot | 36,17,753.50\|- |

## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश , नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०७९/०९/०४

यस नगरपालिकाको कार्यालयबाट मिति २०७९/०७/२३ गतेका दिन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस नगर कार्यपालिकाको कार्यालयमा आ.व. २०७९/०८० का लागि अनलाइन मार्फत दर्ता हुन् आएका बोलापत्रहरु मध्ये तपसील बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभूत रुपले प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | कामको विवरण तथा ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | Procurement of Stationary and Miscellaneous Items Supply in Dudhauli Municipality. (IFB No: 14/NCB/GOODS/ DMUN/2079-080) | ग्लोबल इन्टरनेशनल ट्रेडर्स काठमाण्डौ | NRs. 19,70,629.60/- (VAT सहित) | |

प्रमुख प्रशासकीय अधिकृत

## फिक्कल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाङ्साङ, सिन्धुली

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति – (२०७९/०९/०४)**

मिति २०७९/०७/०६ गते हिमालय टाईम्स राष्ट्रिय दैनिकमा प्रकाशित वोलपत्र आह्वान गरिएको सूचना अनुसार पर्न आएका वोलपत्रहरु मध्ये निम्न अनुसारको कार्यको लागि निम्नअनुसारको वोलपत्रदाताको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्काको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | सकार अङ्क (मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | काफलडाँडा-भिरगाउँ-ओखेनी सडक निर्माण (FRM/Sindhuli/Works/NCB/04/079-80) | UKB Construction Pvt. Ltd, Golanjor-07, Sindhuli | २४,०६,२७९.६४ |
| २. | थाक्ले- आरुबोट सडक निर्माण (FRM/Sindhuli/Works/NCB/05/079-80) | UKB Construction Pvt. Ltd, Golanjor-07, Sindhuli | २४,२१,८८३.०० |

–प्रमुख प्रसाशकीय अधिकृत

## प्रदेश सरकार
## सुदूरपश्चिम प्रदेश
## सामाजिक विकास मन्त्रालय
## सेती प्रादेशिक अस्पताल
धनगढी, कैलाली

**औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**SPH/NCB/Goods/03/2079/080**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०४**

आ.व. २०७९/०८० मा आमा सुरक्षा कार्यक्रम तथा कोभिड व्यवस्थापन कार्यक्रमका लागि आवश्यक पर्ने तपसिल बमोजिमका औषधि तथा सर्जिकल सामाग्रीहरु E-Bidding को माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त सप्लायर्स फर्म/आपूर्तिकर्ता/कम्पनी एवं संस्थाहरुले यो सूचना र बोलपत्र फाराममा उल्लेखित शर्तको अधिनमा रहि रित पूर्वक बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइड www.bolpatra.gov.np/egp मार्फत पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्र सूचना नं. | खरिद सामग्री विवरण | जमानत दस्तुर | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| SPH/NCB/ Goods/03/2079/080 | Safe Motherhood Program Related Medicine & Surgical Items | | | |
| **Packages/Lot No** | **Package/Lot Details:** | | ५०००,०० | |
| Package A/Lot 1 | Medicine ltems | ३१४५३४।०० | | |
| Package B/Lot 2 | Surgical Items | ५१०३९४।०० | | |
| Package C/Lot 3 | Surgical Items | १७७१००।०० | | |
| | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय २०७९/१०/०४ गते दिनको १२ वजेभित्र | बोलपत्र खोल्ने मिति र समय २०७९/१०/०४ गते दिनको २ वजेभित्र | | |

थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट वा यस अस्पतालको फोन नं. ०९१-५२५९११ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट

## Thatikandh Rural Municipality
## Office of the Rural Municipality Executive
Lakandra, Dailekh
Karnali Province, Nepal

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: - 19-12-2022 (2079/09/04)**

1. Thantikandh Rural Municipality, Office of the Municipal Executive Office, Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website **www.bolpatra.gov.np/egp**. Amendment(s), if any shall be issued only on above website.
3 Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh rural Municapality Dailekh, website: **thntikandhmun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

| SN. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK /NCB/ PHCLDQB/ 01-2079/080 | Construction of Frist floor Doctor Quarter And Residential Building In Primary Hospital Lakandra. | 50,42,991.45 | 1,25,000.00 | 90days/120 days/3000 |

**Chief Administrative Officer**